तातोपानी गाउँपालिका

**स्थानीय राजपत्र**

खण्ड : २ संख्या : ६ मिति : २०७६।७।२५

## भाग-२

# तातोपानी गाँउपालिकाको आर्थिक सहायता कार्यबिधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।७।२०

तातोपानी गाउँपालिका छिटो,छरितो,मितव्ययी,पारदर्शी रुपमा आर्थिक सहायता प्रदान गर्ने गाउँपालिकाको कोषको सहि सदुपयोग गरी गरीब,बिपन्न,असहायहरु बिभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगी दुर्घटना परेको ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका ब्यक्तिहरुको सहायताको लागी स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी तातोपानी गाउँपालिकाले यो कार्यबिधि बनाई जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षित नाम र प्रारम्भ :

१.यो कार्याबिधिको नाम : तातोपानी गाउँपालिकाको आर्थिक सहायता कार्यबिधि,२०७६ रहको छ ।

२) यो कार्यबिधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखी प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यबिधिमा,

क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

ख) गाँउपालिका भन्नाले तातोपानी गाउँपालिका लाई सम्झनु पर्दछ ।

ग) प्रमुख भन्नाले गाउँपालिका प्रमुखलाई सम्झनु पर्दछ ।

घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ङ) कार्यपालिका भन्नाले गाउँपालिका कार्यपालिका सम्झनु पर्दछ ।

च) गाउँवासी भन्नाले गाँउपालिकामा अस्थायी/ स्थायी रुपले बसोबास गर्ने ब्याक्ति गाउँपालिकाको कर्मचारी गाउँपालिकामा बेवारिसे रुपमा फेल परेका ब्याक्ति लाई सम्झनु पर्छ ।

छ) आर्थिक सहायता भन्नाले तातोपानी गाउँपालिका बाट प्रदान गरीने आर्थिक सहयोग सम्झनु पर्छ ।

## परिच्छेद २

## आर्थिक सहायत सम्बन्धि मापदण्ड

३. मापदण्ड : पालिकाले प्रदान गर्ने सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

१) **दुर्घटना** : गाउँपालिका क्षेत्रमा कुनै ठुलो दुर्घटना भई गरीब र बिपन्नता कारण पारिबारिक आर्थिक स्रोत नभएको अवस्थामा भएको तथा तत्काल उद्धार एंव उपचार गराउनु पर्ने आस्थामा रु १ हजार देखी १० हजार सम्म आर्थिक सहायता उपल्वध गराउन सकिने छ ।

२) **दिर्घरोग तथा अन्य उपचार** : गाउँबासिहरु मध्ये दिर्घरोग (किड्नी फेल तथा डाईलासिस गर्नु पर्ने अबस्था,मुटुको उपचार,क्यान्सर आदी) लागेको अबस्थामा भएको तथा गरीबी र बिपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेका ब्याक्तिलाई अवस्था हेरी १ पटकमा १ हजार देखी १० हजार सम्म उपलब्ध गराउन सकिने छ ।

**३) गरीब तथा असहाय** : यस गाउँपालिकामा बसोबास गर्ने कुनै ब्याक्तिको आर्थिक अबस्था कमजोर भई सामाजिक जिबन यापन सहज बनाउन सहयता आवश्यक भएको आर्थिक अभाबले शिक्षामा वाधा एकघरको परिवार सहोदर नाता लागने ब्याक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेबारिसे अबस्थामा रहेको र अन्यको आश्रय लिनु परेको जेष्ठ नागरिक भता नपाउने गरेको त्यस्ता अहसायका अबस्था हेरी एक पटकमा रु १ हजार देखी १० हजार सम्म सहयाता दिन सकिने छ ।

४. **प्राकृतिक बिपत तथा बिपद्मा परेका घरवार बिहिन ब्यक्तिहरु** : यस गाउँपालिका क्षेत्रमा प्राकृतिक विपत तथा बिपद परि धनजनको क्षति भई सामाजिक जीवनयापनमा प्रतिकुल असर परेकोमा अवस्था हेरी एक पटकमा रु ५ हजार देखी २० हजार सम्म । .

**५.संघ संघठन** : यस गाउँपालिकामा स्थापना भएका दर्ता भएका ,सुचिकृत भएका र गाउँपालिका को क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महा संघ संघठन ले आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिका बाट आर्थिक सहायता प्रदान गरि सहकार्य गरिने छ । उक्त कार्यक्रम ले गरेका पर्यटन प्रबर्द्धन गाउँको बिकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्ने छ ।

गाउँ कार्यपालिका

## परिच्छेद ३

# आर्थिक सहायता भुक्तानी प्रक्रिया

४.**भुक्तानी प्रक्रिया** : आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ ।

१) मानविय सहायता दफा ३ को उपदफा (१) (२) (३) (४) बमोजिमको आर्थिक सहायत माग गर्ने व्यक्तिले देहाय बमोजिमका कागजात साथै राखी गाउँपालिकाको कार्यालयमा निबेदन दिनुपर्ने छ ।

क) नागरिताको प्रतिलिपि आवश्यकता अनुसार वडा कार्यालय सिफारिस ।

ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात समेत ।

ग) प्राकृतिक बिपती तथा विपद्को हकमा प्रहरी सर्जमीन मुचुल्का समेत ।

२) उपदफा १ र २ बमोविमका कागजात अध्ययन गरी दफा ३ को मापदण्ड अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट रु ७ हजार सम्म र सो भन्दा बढि गाँउपालिका प्रमुखको तोक आदेशमा गाँउपालिकाबाट आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

३) गाउँपालिका वासिलाई दफा ३ बमोजिमको मापदण्ड अनुसारको सहायता न्यन हुने र सो भन्दा बढि सहायता उपल्बध गराउन उपयुक्त हुने मनासिव कारण भएमा निजको निवेदन र प्रमाण समेत गाँउ कार्यापालिकाको बैठकमा पेस गरी निर्णय भए अनुसार आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

४) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ ।

५) **बचाउ** : कार्यबिधि जारी गर्नु भन्दा पहिले गाउँपालिकाबाट भएको आर्थिक सहायता यसै कार्यबिधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले
नेत्र राज गिरी
प्रमुख प्रशासकीय अधिकृत